# नौ कक्षाको अनिवार्य विषयहरूमा शिक्षण सिकाइ क्रियाकलाप

त्रिभुवन विश्वविद्यालय, शिक्षाशास्त्र संकाय, स्नातकोत्तर तह, दोश्रो वर्ष, पाठ्यक्रम
तथा मूल्याङ्कन विशिष्टीकरण विषयको आंशिक
आवश्यकता पूरा गर्नका लागि प्रस्तुत
शोधपत्र

प्रस्तुतकर्ता

डिलकुमारी देवकोटा
एम.एड. दोश्रो वर्ष
परीक्षा रोल नं. २८००३०/०६६
त्रि.वि. दर्ता न ५८९७८४

पाठ्यक्रम तथा मूल्याङ्कन शिक्षण विभाग
कीर्तिपुर, काठमाडौं
२०६८

# सिफारिस पत्र

त्रिभुवन विश्वविद्यालय, शिक्षाशास्त्र केन्द्रीय विभाग कीर्तिपुर स्नातकोत्तर तह दोश्रो वर्ष, पाठ्यक्रम तथा मूल्याङ्कन विशिष्टीकरण विषयका छात्रा श्री डिलकुमारी देवकोटाले **"नौ कक्षाको अनिवार्य विषयहरूमा शिक्षण सिकाइ क्रियाकलाप"** शीर्षकमा शोध प्रतिवेदन मेरो निर्देशनमा लेखन कार्य पूरा गर्नु भएकोले आवश्यक मूल्याङ्कनको लागि सिफारिस गर्दछु ।

..........................

विश्व बाला थापा

शोध निर्देशक

मिति : २०६८/४/३०

# स्वीकृति पत्र

त्रिभुवन विश्वविद्यालय, शिक्षाशास्त्र केन्द्रीय विभाग कीर्तिपूर स्नातकोत्तर तह दोश्रो वर्ष, पाठ्यक्रम तथा मूल्याङ्कन विशिष्टीकरण विषयका छात्रा डिलकुमारी देवकोटाले **"नौ कक्षाको अनिवार्य विषयहरूमा शिक्षण सिकाइ क्रियाकलाप"** शोध शीर्षकमा शोध प्रतिवेदन तयार गरी आवश्यक मूल्याङ्कन गर्न स्वीकृतिका लागि सिफारिस साथ यस समितिमा पेश गर्नु भएकोमा समितिबाट मूल्याङ्कन गरी स्वीकृत गरिएको छ ।

**मूल्याङ्कन समिति** **हस्ताक्षर**

१. प्रा. स्वयं प्रकाश ज.ब.राणा ..........................
(विभागीय प्रमुख)

२. विश्व बाला थापा ..........................
(शोध निर्देशक)

३. ..........................
(बाह्य परीक्षक)

मिति : २०६८/४/३०

# कृतज्ञता ज्ञापन

त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र संकाय स्नातकोत्तर तह एम.एड. द्वितीय वर्षको आंशिक आवश्यकता परिपूर्तिको लागि यो शोधपत्र तयार गरिएको हो । यसमा ललितपुर जिल्लाका सामुदायिक विद्यालयहरु मध्ये दुईओटा विद्यालयमा नौ कक्षाको अनिवार्य विषयहरुको शिक्षण सिकाइ क्रियाकलाप सम्बन्धी अध्ययन गरिएको छ । यस अन्तर्गत शिक्षकहरुको पृष्ठभूमि, शिक्षण विधि र शिक्षण सिकाइ क्रियाकलापप्रति शिक्षक र विद्यार्थीको दृष्टिकोण समेत पहिचान गर्ने प्रयास गरिएको छ । अध्ययनबाट  प्राप्त सूचनाहरुलाई गुणात्मक र परिमाणात्मक विधिद्वारा व्याख्या र विश्लेषण गरी यो अध्ययन प्रतिवेदन तयार गरिएको छ । यो अध्ययन प्रतिवेदन यस विषयसँग सम्वन्धित शिक्षक, विद्यार्थी अनुसन्धानकर्ता र यसै विषयमा अध्ययन गर्न चाहने अनुसन्धान कर्ताका लागि समेत सहयोग पुग्नेछ भन्ने आशा राखेको छु ।

यस शोधपत्र तयार गर्ने क्रममा समय-समयमा आफ्नो अमुल्य समय दिई मार्ग निर्देशन गर्ने निर्देशक आदरणीय गुरु विश्व बाला थापाज्यू प्रति विशेष आभार प्रकट गर्दै कृतज्ञता ज्ञापन गर्न चाहन्छु । साथै अध्ययनका क्रममा सुझाव, सल्लाह दिनुहुने गुरुहरु, प्रा. स्वयं प्रकाश ज.ब.राणा सह.प्रा. नारायण बस्नेत, उप.प्रा. विश्ववाला थापा, उप.प्रा. यशोधरा पन्त, उप.प्रा. किरणराम रञ्जितकार र उप.प्रा. शिवराज बढू ज्यूप्रति पनि आभारी छु ।

यस अध्ययनका सिलसिलामा आवश्यक सहयोग गर्ने श्री महेन्द्र भृकुटी मा.वि. एकान्तकुनाका प्रधानाध्यापक रोहित राम रेग्मी, श्री प्रभात उच्च मा.वि. ललितपुरका प्राचार्य देवि प्रसाद कट्टेललाई विशेष धन्यवाद दिन चाहन्छु । साथै माध्यमिक विद्यालयमा अनिवार्य विषय अध्यापन गर्ने दुबै विद्यालयका शिक्षकहरु र समूह छलफल सञ्चालन गर्दा छनौटमा परेका विद्यार्थी भाइबहिनीहरु र निरन्तर आवश्यक सल्लाह, सुझाव प्रदान गर्नु हुने मेरा आत्मीय साथीहरु जनार्दन रिजाल, नवराज खतिवडा साथै सम्पूर्ण साथीहरुप्रति हार्दिक धन्यवाद दिन चाहन्छु ।

डिलकुमारी देवकोटा

# शोधसार


शिक्षालाई विकासको मेरुदण्ड मानिन्छ । शिक्षाले व्यक्ति र समाजलाई सदा उन्नती मार्गमा लम्कन अग्रसर गराउँछ । शिक्षा आज सर्वव्यापी, जीवनपर्यन्त र मानवीय अधिकारको रुपमा स्थापित भएको छ । प्राचिन समयमा गुरुकुल प्रणालीबाट विकसित हुँदै व्यक्ति समाज, राष्ट्र र अन्तराष्ट्रिय जगतका जिम्मेवारीहरु शिक्षालाई सुम्पिएको छ । वि.सं. १९१० मा दरबार स्कुलको स्थापना पश्चात मात्र नेपालमा औपचारिक शिक्षाको शुरुवात भएको पाइन्छ । त्यसपछि विभिन्न चरणहरु पार गर्दै नेपालको शिक्षा वर्तमान स्थितिमा आइपुगेको हो । वर्तमान माध्यमिक शिक्षा पाठ्यक्रमले शैक्षिक सत्र २०५६ देखि माध्यमिक तहमा मुख्य ६ वटा विषयलाई अनिवार्य विषयका रुपमा राखेको छ । नेपाली, अंग्रेजी, गणित, विज्ञान, सामाजिक, स्वास्थ्य, जनसंख्या तथा वातावरण मध्ये स्वा.ज.वा. विषयलाई ४ र अन्य सबै विषयलाई ५ पाठ्यभार प्रदान गरिएको छ भने सबै विषयवस्तुको पूर्णाङ्क १०० राखिएको छ ।

शिक्षणको विषयवस्तुलाई विद्यार्थी समक्ष पुऱ्याउन शिक्षण सिकाइ क्रियाकलाप र विभिन्न शिक्षण विधिहरु तय गरिएका छन् शिक्षण क्रियाकलाप भनेको विषयवस्तु, शैक्षिक सामग्री, शैक्षिक वातावरणबीचको योजनावद्ध र नियन्त्रित सम्बन्ध हो । शिक्षण सिकाइ अनुभव विद्यार्थीहरुलाई प्रदान गर्ने क्रममा शिक्षक विद्यार्थी विभिन्न क्रियाकलापमा संलग्न हुन्छन् । माध्यमिक तहको अनिवार्य विषयहरुमा शिक्षण सिकाइ क्रियाकलाप सम्बन्धी अध्ययनका लागि शिक्षकहरुको पृष्ठभूमि  पत्ता लगाउने, शिक्षण विधि र शिक्षण सिकाइ क्रियाकलापको अवस्था पहिचान गर्ने र शिक्षण सिकाइ क्रियाकलापप्रति शिक्षक तथा विद्यार्थीको दृष्टिकोण पहिचान गर्ने उद्देश्यहरु राखिएको छ ।

" नौ कक्षाको अनिवार्य विषयहरुमा शिक्षण सिकाइ क्रियाकलापको अवस्था" विषयक यस अनुसन्धान कार्यबाट संकलित सूचनाहरुलाई गुणात्मक र परिमाणात्मक रुपमा विश्लेषण गरि निष्कर्ष निकालिएको छ । यस शोधकार्यका लागि ललितपुर जिल्लाका सामुदायिक विद्यालयलाई अध्ययन क्षेत्रको रुपमा लिइएको छ । उक्त जनसंख्याबाट उद्देश्यात्मक नमूना छनौटको आधारमा दुइओटा माध्यमिक विद्यालयलाई नमूना छनौट गरिएको छ । यस अध्ययनमा सहभागिताको लागि छनौटमा परेका विद्यालयबाट २ जना प्रधानाध्यापक, १२ जना शिक्षकहरु र प्रत्येक विद्यालयबाट ८ जना विद्यार्थीहरु (४/४ जना छात्र/छात्रा) गरि जम्मा १६ जना विद्यार्थीहरु छनौट गरिएको छ ।

यसरी अनुसन्धानमा सहभागी गराइएका प्र.अ. र शिक्षकका लागि छुट्टाछुट्टै प्रश्नावली तथा विद्यार्थीका लागि छलफल निर्देशिका तयार गरी संकलन गरिएका सूचनाहरुलाई व्याख्या र विश्लेषण गरी निम्न निष्कर्ष निकालिएको छ ।

यस अध्ययनबाट अनिवार्य विषय शिक्षकहरुमध्ये धेरै को योग्यतालाई हेर्दा सम्बन्धित विषयमा बि.एड. गरेको पाइयो भने लैङ्गिक रुपमा महिलाको संख्या न्यून रहेको पाइयो । शैक्षिक सामग्रीको अवस्थालाई हेर्दा शिक्षक निर्देशिकाले उल्लेख गरेका सामग्रीहरु मध्ये निकै कम मात्र उपलब्ध रहेको पाइयो । उपलब्ध कतिपय शैक्षिक सामग्रीहरु पनि शिक्षकले प्रयोग नगरेको पाइयो । पाठ्यक्रम र शिक्षक निर्देशिकाको प्रयोग पनि न्यून रहेको पाइयो ।

शिक्षण विधिको प्रयोग सम्बन्धमा अवलोकन गरिएका कक्षाहरुमा शिक्षक निर्देशिकाले निर्धारण गरेका विधिहरु न्यून रुपमा प्रयोग गरिएको थियो भने बढि मात्रामा व्याख्यान विधिको प्रयोगको साथसाथै अन्य विधिहरुमा प्रश्नोत्तर, छलफल, समस्या समाधान र प्रदर्शन विधिलाई प्रयोग गरिएको थियो । कक्षाकोठामा गरिने शिक्षण सिकाइ क्रियाकलापलाई अवलोकन गर्दा शिक्षक निर्देशिकाले गराउन खोजिएको क्रियाकलापहरु नगरि आ-आफ्नै तरिकाले शिक्षण सिकाइ क्रियाकलाप गरिएको पाइयो । शैक्षिक सामग्रीको प्रयोग गर्न विद्यार्थीहरुलाई सक्रिय बनाउने जस्ता क्रियाकलापहरु तर्फ शिक्षकले खासै ध्यान पुऱ्याउन नसकेको पाइयो । कक्षाकोठाको भौतिक व्यवस्थापन राम्रो नै रहेको पाइयो । कक्षाकोठामा पाठको प्रस्तुतीकरण, विद्यार्थी सक्रियता, कक्षा क्रियाकलापको शुरुवात, विद्यार्थी क्रियाकलापको लेखाजोखा जस्ता कुराहरुमा शिक्षकहरु अनुसार भिन्नता पाइयो । शिक्षकहरुले गृहकार्य दिएको पाइयो भने सोही अनुपातमा परीक्षण नगरेको पाइयो । मूल्याङ्कन गर्दा सामान्य प्रश्न सोधेर मात्र गरेको पाइयो । लिखित परीक्षा बाहेक अन्य मूल्याङ्कनका साधनहरु प्रयोग नगरेको पाइयो ।

माध्यमिक तहमा अध्ययापन गराउने शिक्षकले शिक्षक निर्देशिका पाठ्यक्रम, पाठ्यपुस्तकको अध्ययन गरी पाठ अनुसार शिक्षण बिधि, शैीषक सामग्रीको निर्माण र प्रयोग गरी शिक्षण गर्नुपर्ने देखिन्छ । साथै बिद्यार्थी केन्द्रित बिधिको प्रयोग गरी बिद्यार्थीलाई सक्रिय सिकाई गराउनु पर्छ । शिक्षण सिकाइ गर्दा बिद्यार्थिको रुची, क्षमता र स्तरलाई ख्यालमा राखी शिक्षण गर्नुपर्ने हुन्छ । बिद्यार्थिको गृहकार्य परीक्षण गरिदिनु पर्दछ । समय समयमा परीक्षा लिनुपर्दछ र सुधारात्मक सुझाव दिनुपर्दछ । प्रधानाध्यापकले नियमित रुपमा शिक्षकहरुको कक्षा अवलोकन, सुपरिवेक्षण गर्नुपर्दछ ।

# विषयसूची


| | पृष्ठ |
|---|---|
| **सिफारिस पत्र** | **i** |
| **स्वीकृति पत्र** | **ii** |
| **कृतज्ञता ज्ञापन** | **iii** |
| **शोधसार** | **iv** |
| **विषयसूची** | **vi** |
| **तालिकासूची** | **ix** |
| **परिच्छेद - एक : परिचय** | **१-७** |
| १.१ अध्ययनको पृष्ठभूमि | १ |
| १.२ अध्ययनको औचित्य | ५ |
| १.३ समस्याको कथन | ५ |
| १.४ अनुसन्धानात्मक प्रश्न | ५ |
| १.५ अध्ययनको उद्देश्य | ७ |
| १.६ अध्ययनको सिमाङ्कन | ७ |
| **परिच्छेद - दुई : पूर्व साहित्यको समीक्षा** | **८ - १६** |
| २.१ सैद्धान्तिक अध्ययन | ८ |
| २.२ सम्बन्धित साहित्यको पुनरावलोकन | ११ |
| २.३ अवधारणाात्मक ढाँचा | १६ |
| **परिच्छेद - तीन : अध्ययन विधि** | **१७-२२** |
| ३.१ अनुसन्धान ढाँचा | १७ |
| ३.२ जनसंख्या र नमूना छनोट | १८ |
| ३.२.१ क्षेत्र छनौट | १८ |
| ३.२.२ विद्यालय छनौट | १९ |
| ३.२.३ प्रध्यानाध्यापक छनौट | १९ |
| ३.२.४ शिक्षक छनौट | १९ |
| ३.२.५ विद्यार्थी छनौट | १९ |

३.३ साधनको निर्माण २०
३.३.१ अन्तर्वार्ता २०
३.३.२ लक्षित समूह छलफल २०
३.३.३. कक्षा अवलोकन फाराम २१
३.३.४ दस्तावेज अध्ययन २१
३.४ साधनको वैधता निर्धारण २१
३.५ सूचना संकलन प्रक्रिया २१
३.६ सूचनाको व्याख्या र विश्लेषण २२
३.७ नैतिक मुद्दा २२

**परिच्छेद - चार : तथ्याङ्कको व्याख्या र विश्लेषण २३-५५**
४.१ अनिवार्य विषय अध्यापनरत शिक्षकहरुको पृष्ठभूमि २३
४.१.१ शैक्षिक योग्यता २४
४.१.२ शिक्षण गर्ने विषय र विशिष्टिकरणको सम्वन्ध २५
४.१.३ शिक्षण अनुभव २६
४.१.४ शैक्षिक तालिम २७
४.१.५ लैङ्गिक आधारमा शिक्षक प्रतिनिधित्व २८
४.२ कक्षाकोठाको व्यवस्थापन ३०
४.३. विभिन्न योजना र निर्देशिकाको प्रयोगको अवस्था ३१
४.३.१ शिक्षण सिकाइ कार्यमा पाठ्यक्रमको प्रयोग ३१
४.३.२ शिक्षण सिकाइ कार्यमा शिक्षक निर्देशिकाको प्रयोगको अवस्था ३२
४.३.३ दैनिक पाठयोजना निर्माण र प्रयोगको अवस्था ३४
४.४ शिक्षण विधि र शिक्षण सिकाइ क्रियाकलापको अवस्था ३५
४.४.१ शिक्षण विधिको अवस्था र सुधार ३६
४.४.२ कक्षा शिक्षणका क्रममा गरिने क्रियाकलापहरु ४१
४.४.२.१ कक्षा क्रियाकलापको शुरुवात ४१
४.४.२.२ कक्षा क्रियाकलापका प्रकारहरु ४२
४.४.२.३ शिक्षण सिकाइ क्रियाकलापमा विद्यार्थीहरुको सक्रियता ४३
४.४.३ शिक्षण सिकाइमा गर्नुपर्ने क्रियाकलापहरु ४४
४.४.४ शिक्षण सिकाइ क्रियाकलापका समस्या र त्यसका लागि गरिएका प्रयासहरु४६
४.५ शिक्षण सिकाइमा शैक्षिक सामग्रीको प्रयोग र उपलब्धता ४८

४.६ कक्षा शिक्षणमा बेला विद्यार्थी क्रियाकलापको लेखाजोखा ५०

४.६.१ कक्षाकोठामा क्रियाकलाप लेखाजोखा गर्ने तरिका ५१

४.६.२ गृहकार्य दिने सम्बन्धमा ५२

४.६.३ गृहकार्य परीक्षण सम्बन्धमा ५२

४.६.४ विद्यार्थी मूल्याङ्कन सम्बन्धमा शिक्षक र विद्यार्थीको धारणा ५३

**परिच्छेद - पाँच : प्राप्ति, निष्कर्ष र सुझावहरु ५६-५८**

५.१ प्राप्तिहरु ५६

५.२ निष्कर्षहरु ५७

५.३ सुझावहरु ५८

**सन्दर्भग्रन्थसूची ५९-६०**

**अनुसूची**

अनुसूची १ प्रधानाध्यापकका लागि अन्तर्वार्ता प्रश्नावली

अनुसूची २ शिक्षकहरुका लागि अन्तर्वार्ता प्रश्नावली

अनुसूची ३ कक्षा अवलोकन फाराम

अनुसूची ४ बिद्यार्थीसंग गरीने लक्षित समूह छलफल निर्देशिका

अनुसूची ५ छनौटमा परेकामा प्र.अ.हरुको नामावली

अनुसूची ६ अनिवार्य बिषयका शिक्षकहरुको विवरण

अनुसूची ७ समूह छलफलमा सहभागी गराईएका बिद्यार्थीहरुको नामावली

# तालिका सूचि


| | | |
|---|---|---|
| | | पृष्ठ |
| तालिका नं. १ | अनुसन्धान ढाँचा | १८ |
| तालिका नं. २ | अनिवार्य विषय शिक्षकहरुको विवरण | २४ |
| तालिका नं. ३ | शैक्षिक योग्यताको अवस्था | २५ |
| तालिका नं. ४ | विषय विशिष्टिकरणको अवस्था | २५ |
| तालिका नं. ५ | शिक्षण अनुभवको अवस्था | २७ |
| तालिका नं. ६ | विषयगत रुपमा शैक्षिक तालिमको अवस्था | २८ |
| तालिका नं. ७ | शिक्षकहरुको लैङ्गिक अवस्था | २९ |
| तालिका नं. ८ | कक्षाकोठाको व्यवस्थापन | ३० |
| तालिका नं. ९ | पाठ्यक्रमको प्रयोग सम्बन्धमा शिक्षकहरुको प्रतिक्रिया | ३२ |
| तालिका नं. १० | शिक्षक निर्देशिकाको प्रयोग र उपलब्धता | ३३ |
| तालिका नं. ११ | शिक्षक निर्देशिकाको प्रयोग सम्बन्धी प्रतिक्रिया | ३४ |
| तालिका नं. १२ | पाठयोजना निर्माण सम्बन्धमा शिक्षकहरुको प्रतिक्रिया | ३५ |
| तालिका नं. १३ | नेपाली विषयमा प्रयोग भएका शिक्षण विधि | ३६ |
| तालिका नं. १४ | अंग्रेजी विषयमा प्रयोग भएका शिक्षण विधि | ३७ |
| तालिका नं. १५ | गणित विषयमा प्रयोग भएका शिक्षण विधि | ३७ |
| तालिका नं. १६ | विज्ञान विषयमा प्रयोग भएका शिक्षण विधि | ३८ |
| तालिका नं. १७ | सामाजिक विषयमा प्रयोग भएका शिक्षण विधि | ३८ |
| तालिका नं. १८ | स्वा.ज.वा. विषयमा प्रयोग भएका शिक्षण विधि | ३९ |
| तालिका नं. १९ | शिक्षण विधि सम्बन्धी धारणा | ४० |
| तालिका नं. २० | कक्षा क्रियाकलापको शुरुवात | ४१ |
| तालिका नं. २१ | कक्षाकोठामा गरिने क्रियाकलाप | ४२ |
| तालिका नं. २२ | कक्षा क्रियाकलापमा विद्यार्थी सक्रियता | ४३ |
| तालिका नं. २३ | शिक्षण सिकाइमा गर्नुपर्ने क्रियाकलाप | ४५ |
| तालिका नं. २४ | शैक्षिक सामग्रीको प्रयोग र उपलब्धता | ४९ |
| तालिका नं. २५ | प्रयोग गरिएका शैक्षिक सामग्रीको स्रोत सम्बन्धमा | ५० |
| तालिका नं. २६ | कक्षा शिक्षणमा गरिएको विद्यार्थी क्रियाकलाप लेखाजोखा | ५१ |
| तालिका नं. २७ | कक्षाशिक्षणमा गृहकार्यको अवस्था | ५२ |
| तालिका नं. २८ | गृहकार्य परीक्षणको अवस्था | ५३ |
| तालिका नं. २९ | विद्यार्थी मूल्याङ्कन सम्बन्धी धारणा | ५४ |